संघीय संसद
प्रतिनिधि सभा
एघारौं अधिवेशन
बैठक संख्या - ६१ र ६२

सूचनापत्र - २
(बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०७९ साल भदौ १९ गते आइतबार

प्रतिनिधि सभाको आजको पहिलो बैठक सम्माननीय सभामुख श्री अग्निप्रसाद सापकोटाको अध्यक्षतामा दिनको २:५५ बजे प्रारम्भ भयो ।

सर्वप्रथम बैठकको प्रारम्भमै हात उठाएर समय माग गर्नुहुँदै मा० श्री भिमसेनदास प्रधानले त्रिभुवन विश्वविद्यालयका पदाधिकारी राजनीतिक भागवण्डामा नियुक्त हुने गरेको कारण विश्वविद्यालय अस्तव्यस्त हुने गरेको, पदाधिकारीहरुले राजनीतिक पूर्वाग्रह राखी विद्यार्थीहरुको जायज माग समेत सम्बोधन नगरेको, विश्वविद्यालयमा राजनीतिकरण हुन नदिन सबै राजनीतिक पार्टीबीच छलफल गरी समाधान गर्नुपर्ने लगायतका विषयहरुमा आफ्नो भनाई राख्नुभयो ।

त्यसपछि मा० श्री राजेन्द्र प्रसाद लिङदेनले रोष्ट्रम प्रयोग गरी बोल्न माग गर्नुहुंदा सम्माननीय सभामुखले अनुमति दिनुभएपछि उहांले आगामी मंसिर ४ गते प्रतिनिधि सभाको निर्वाचनको मिति घोषणा भैसकेको र निर्वाचनको तयारी समेत हुन थालीसकेको अवस्थामा सरकारले प्रतिनिधि सभाको कार्यकाल बढाउने गरी केही नेपाल ऐन संशोधन गर्ने विधेयक दर्ता गराएकोले उक्त कार्यमा संलग्न नहुने भन्नुहुँदै आजको मितिबाट आफुले सांसदको हैसियतले कुनैपनि कार्य नगर्ने र तलब भत्ता समेत नलिने घोषणा गर्नुहुँदै राजीनामा दिएको जानकारी गराउनु भयो । साथै उहाँले प्रतिनिधि सभामा प्रतिनिधित्व गर्नुहुने सबै दल, सभाका सदस्य, सम्माननीय सभामुखलाई आफुलाई गरेको सहयोग प्रति धन्यवाद समेत दिनुभयो ।

तत्पश्चात मा० श्री प्रेम सुवालले प्रतिनिधि सभाको ५ वर्षमा व्यापार घाटा बढिरहेको, वर्षेनी ५० अर्ब खर्च गरेर विद्यार्थीहरु विदेशमा अध्ययन गर्न बाध्य भएको, आजको कार्यसूचीमा रहेको नागरिकता विधेयक सम्बन्धी कार्यक्रमलाई हटाउनु पर्ने, निर्वाचन घोषणा भएपछि तटस्थ सरकार गठन हुनुपर्ने र संसद बैठक समेत राख्न नहुने लगायतका विषयहरुमा आफ्नो भनाई राख्नुभयो ।

तदुपरान्त प्रारम्भ भएको शून्य समयमा निम्नलिखित मा० सदस्यहरुले समसामयिक विषयमा आ-आफ्नो धारणा राख्नुभयो :-

१. मा० श्री लक्ष्मी कुमारी चौधरी
२. मा० श्री विना कुमारी श्रेष्ठ
३. मा० श्री विन्दा पाण्डे
४. मा० श्री विमला विश्वकर्मा
५. मा० श्री विष्णु शर्मा
६. मा० श्री शक्ति बहादुर बस्नेत
७. मा० श्री शेरबहादुर तामाङ
८. मा० श्री सरवत आरा खानम
९. मा० श्री हित बहादुर तामाङ

तत्पश्चात प्रतिनिधि सभाका सचिव श्री गोपालनाथ योगीले सम्माननीय राष्ट्रपतिबाट पुनर्विचारका लागि फिर्ता भएको "नेपाल नागरिकता (पहिलो संशोधन) विधेयक, २०७९" प्रस्तुत रुपमा (संशोधन विना) राष्ट्रिय सभाबाट पारित भएको सम्बन्धी राष्ट्रिय सभाको सन्देश सभामा जानकारी गराउनु भयो ।

त्यसपछि सम्माननीय सभामुखले प्रतिनिधि सभा नियमावली, २०७५ को नियम १३ बमोजिम गठित कार्यव्यवस्था परामर्श समितिमा मा० श्री पुष्पा भुसाल (गौतम) र मा० श्री बहादुर सिंह लामा (तमाङ) को स्थानमा मा० श्री चित्रलेखा यादव र मा० श्री मीनबहादुर विश्वकर्मलाई मनोनयन गरेको जानकारी गराउनु भयो ।

तदुपरान्त सम्माननीय सभामुखले संघीय संसदको संयुक्त बैठक र संयुक्त समिति (कार्यसञ्चालन) नियमावली, २०७५ को नियम २५ उपनियम (२) बमोजिम गठित संसदीय सुनुवाई समितिमा प्रतिनिधि सभातर्फका मा० सदस्य श्री पुष्पा भुसाल (गौतम) को स्थानमा मा० सदस्य श्री मिनबहादुर विश्वकर्माको नाम हेरफेर गर्न सभाको सहमतिको लागि प्रस्ताव गर्नुहुँदा सभाले सहमति जनायो ।

तत्पश्चात सम्माननीय सभामुखले संघीय संसदको संयुक्त बैठक र संयुक्त समिति (कार्यसञ्चालन) नियमावली, २०७५ को नियम २७ को उपनियम (२) बमोजिम गठित राज्यका निर्देशक सिद्धान्त, नीति र दायित्वको कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन समितिमा प्रतिनिधि सभातर्फका मा० सदस्य श्री देवप्रसाद तिमलसेनाको स्थानमा मा० सदस्य डा० मिनेन्द्रप्रसाद रिजालको नाम हेरफेर गर्न सभाको सहमतिको लागि प्रस्ताव गर्नुहुँदा सभाले सहमति जनायो ।

त्यसपछि सम्माननीय सभामुखले प्रतिनिधि सभा नियमावली, २०७५ को नियम १७२ बमोजिम गठित प्रतिनिधि सभा अन्तर्गतको विभिन्न समितिहरुमा निम्नलिखित मा० सदस्यहरुको नाम हेरफेर गर्न सभाको सहमतिको लागि प्रस्ताव गर्नुहुँदा सभाले सहमति जनायो ।

| क्र.सं. | मा० सदस्यको नाम | सम्बन्धित समिति |
|---|---|---|
| १. | मा० श्री महेन्द्र कुमारी लिम्बु | महिला तथा सामाजिक समितिबाट कानून, न्याय तथा मानव अधिकार समितिमा |
| २. | मा० श्री सरवत आरा खानम | अर्थ समितिबाट कानून, न्याय तथा मानव अधिकार समितिमा |
| ३. | मा० श्री प्रमिला राई | अर्थ समितिबाट कानून, न्याय तथा मानव अधिकार समितिमा |

| क.सं. | मा० सदस्यको नाम | सम्बन्धित समिति |
|---|---|---|
| ४. | मा० श्री कर्मा घले | कानून, न्याय तथा मानव अधिकार समितिबाट महिला तथा सामाजिक समितिमा |
| ५. | मा० श्री जीपछिरिङ लामा | विकास तथा प्रविधि समितिबाट राज्य व्यवस्था तथा सुशासन समितिमा |
| ६. | मा० श्री मिना पाण्डे | राज्य व्यवस्था तथा सुशासन समितिबाट विकास तथा प्रविधि समितिमा |

तदुपरान्त मा० श्री मिनबहादुर विश्वकर्मले प्रतिनिधि सभा नियमावली, २०७५ को नियम १०५ र नियम १११ का प्रावधानको समय सीमा छोट्याउन नियमावलीको नियम २५० बमोजिम नियम निलम्बनको प्रस्ताव प्रस्तुत गर्नुभयो ।

तत्पश्चात मा० श्री रामकुमारी चौधरीले उक्त प्रस्तावको समर्थन गर्नुभयो ।

त्यसपछि सम्माननीय सभामुखले उक्त नियम निलम्बनको प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

तदुपरान्त सम्माननीय सभामुखले "केही नेपाल ऐन संशोधन गर्ने विधेयक, २०७९" लाई प्रस्तुत गर्न अनुमति माग्ने प्रस्तावमाथि प्रतिनिधि सभा नियमावली, २०७५ को नियम १०४ बमोजिम मा० श्री प्रेम सुवालबाट विरोधको सूचना प्राप्त हुन आएको व्यहोरा जानकारी गराउनु भयो ।

तत्पश्चात उक्त विधेयकलाई प्रस्तुत गर्न अनुमति माग्ने प्रस्तावमाथि विरोधको सूचना दिनुहुने प्रस्तावक मा० श्री प्रेम सुवालले उक्त विरोध गर्नुपर्नाको कारण सहित संक्षिप्त वक्तव्य दिनुभयो ।

त्यसपछि विधेयक प्रस्तुतकर्ता मा० कानून, न्याय तथा संसदीय मामिला मन्त्री श्री गोविन्द प्रसाद शर्मा (कोइराला)ले उक्त विधेयकलाई प्रस्तुत गर्न अनुमति माग्ने प्रस्तावमाथि प्राप्त विरोधका सम्बन्धमा संक्षिप्त वक्तव्य दिनुभयो ।

तदुपरान्त विरोधको सूचना दिनुहुने मा० श्री प्रेम सुवालले आफ्नो विरोधको सूचना फिर्ता लिन नचाहनु भएकोले सम्माननीय सभामुखले उक्त विरोधको सूचनालाई निर्णयार्थ प्रस्तुत गर्न खोज्नुहुंदा मा० श्री प्रेम सुवालले सदनमा गणपुरक संख्या नपुग भएको भनी प्रश्न उठाउनु भएपछि सम्माननीय सभामुखले नेपालको संविधानको धारा ९४ बमोजिम कुनैपनि प्रश्न वा प्रस्ताव निर्णयार्थ पेश गर्न प्रतिनिधि सभाको एक चौथाई सदस्य उपस्थित हुनु पर्ने भएकोले गणपूरक संख्या यकिन गर्न सचिवालयलाई निर्देश गर्नुभएपछि ३ मिनेटको जनाउ घण्टी बजाई उपस्थित मा० सदस्यहरुको संख्या गणना गर्दा गणपुरक संख्या ६९ हुनुपर्नेमा मा० सदस्यहरुको संख्या ७० रहेकोले सम्माननीय सभामुखले गणपुरक संख्या पुगेकोले कार्यक्रम अगाडि बढने व्यहोरा जानकारी गराउनु भयो ।

त्यसपछि सम्माननीय सभामुखले मा० श्री प्रेम सुवालले पेश गर्नुभएको विरोधको सूचनालाई निर्णयार्थ प्रस्तुत गर्नुहुंदा बहुमतबाट अस्वीकृत भयो ।

तत्पश्चात "केही नेपाल ऐन संशोधन गर्ने विधेयक, २०७९" लाई अनुमति माग्ने प्रस्तावमाथि प्राप्त विरोधको सूचनाहरु बहुमतले अस्वीकृत भएकोले प्रतिनिधि सभा नियमावली, २०७५ को नियम १०५ बमोजिम मा० कानून, न्याय तथा संसदीय मामिला मन्त्री श्री गोविन्द प्रसाद शर्मा (कोइराला)ले "केही नेपाल ऐन संशोधन गर्ने विधेयक, २०७९" प्रस्तुत गर्नुभयो ।

तदनन्तर प्रतिनिधि सभाको अर्को बैठक १५ मिनेटपछि बस्नेगरी आजको बैठक दिनको ४:०० बजे स्थगित भयो ।

प्रतिनिधि सभाको आजको दोस्रो बैठक सम्माननीय सभामुख श्री अग्निप्रसाद सापकोटाको अध्यक्षतामा दिनको ४:३५ बजे प्रारम्भ भयो ।

सर्वप्रथम मा० कानून, न्याय तथा संसदीय मामिला मन्त्री श्री गोविन्द प्रसाद शर्मा (कोइराला)ले "केही नेपाल ऐन संशोधन गर्ने विधेयक, २०७९ माथि विचार गरियोस्" भनी प्रस्ताव प्रस्तुत गर्नुभयो ।

तदुपरान्त "केही नेपाल ऐन संशोधन गर्ने विधेयक, २०७९ माथि विचार गरियोस्" भन्ने प्रस्तावमाथि अर्थात् विधेयकमाथिको सामान्य छलफलमा निम्नलिखित मा० सदस्यहरुले भाग लिनुभयो :-

१. मा० श्री मिनबहादुर विश्वकर्म
२. मा० श्री शेरबहादुर तामाङ
३. मा० श्री गोकुल प्रसाद बाँस्कोटा
४. मा० श्री दिव्यमणि राजभण्डारी
५. मा० श्री यशोदा गुरुङ्ग सुवेदी

तत्पश्चात मा० कानून, न्याय तथा संसदीय मामिला मन्त्री श्री गोविन्द प्रसाद शर्मा (कोइराला)ले छलफलमा उठेका प्रश्नहरुको जवाफ दिनुभयो ।

त्यसपछि सम्माननीय सभामुखले "केही नेपाल ऐन संशोधन गर्ने विधेयक, २०७९ माथि विचार गरियोस्" भनी राख्नुभएको प्रस्तावलाई सम्माननीय सभामुखले निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

तदनन्तर प्रतिनिधि सभाको अर्को बैठक २०७९ साल भदौ २१ गते मंगलबार दिनको १:०० बजे बस्नेगरी आजको बैठक दिनको ५:०५ बजे स्थगित भयो ।

गोपालनाथ योगी
प्रतिनिधि सभाको सचिव